नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

महोत्तरी

पत्र संख्या :०७२।०७३

च.नं :-

मिति : २०७३।०१।२३

सूचना ! सूचना !! सूचना !!!

मिति २०७२।१२।२२ गतेका दिन यस नगरपालिकामा बसेको सर्वदलीय वैठकबाट तपसिल अनुसारको निर्णय भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड, २०७२ को दफा ८ बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिका गठन हुनु पूर्व भवन निर्माण मापदण्ड पुरा गरी निर्माण भएका भवनहरुलाई घर नक्सा दस्तुर लिई नक्सा पास गरी दिने र मापदण्ड पुरा नभएकालाई आवश्यक पुरा गरी घर नक्सा पास दस्तुरको आधार दस्तुर लिई २०७३ आषाढ मसान्त भित्र घरको नक्सा सहितको अभिलेखीकरण गरी दिने र सो अवधि पश्चात २०७३ भाद्र मसान्त भित्र पुरा दस्तुर लिई अभिलेखीकरण गर्ने ।

२. शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, जनकपुर मार्फत यस बर्दिवास नगरपालिका क्षेत्र भित्र व्यवस्थित बसपार्कको लागि बजेट विनियोजन भएको भन्ने जानकारी प्राप्त भएकोले बसपार्क व्यवस्थापन तथा सर्वे डिजाईनको लागि तपसिल अनुसारको जग्गा रहेको स्थानलाई प्रस्ताव गरी डिभिजन कार्यालय, जनकपुरमा पठाउने ।

   क) हाल भएको बर्दिवास न.पा. वडा नं. १ मा रहेको दहाल्नी खोल्सी पूर्व, पूर्व पश्चिम राजमार्ग उत्तर, नेवारडाँडा कामीडाँडा सा.व.देखि दक्षिण र पदम वहादुर कोईरालाले घर बनाएको स्थान देखि पश्चिम यति चार किल्ला भित्रको हाल जनता मा.वि.ले न.पा.लाई उपलब्ध गराउने प्रक्रियामा रहेको नम्वरी ०-२-४ धुर सनेत जग्गामा साना तथा मिनी वसपार्कको रुपमा विकास गर्न अनुरोध गर्ने ।

   ख) बर्दिवास नगरपालिका वडा नं. २ मा पर्ने नदी उकास तथा स्थानीय व्यक्तिहरुको नाममा नम्वरी दर्ता कायम रहेको जग्गा मध्ये भब्सी खोला पूर्व, नम्वरी आवादी जग्गा पश्चिम, पूर्व पश्चिम राजमार्ग दक्षिण तथा नगरपालिका र जिल्ला पशु सेवा कार्यालयबाट संयूक्त रुपमा निर्माण भएको सार्वजनिक पशु बधशाला देखि उत्तर यति चार किल्ला भित्रको नदि उकास जग्गा तथा नम्वरी जग्गाधनीहरुले बसपार्क निर्माणको लागि करिव १-०-०-० (एक विगाह) जग्गा सुविधा सम्पन्न राष्ट्रिय स्तरको बसपार्क निर्माणको लागि नगरपालिकाको नाममा रजिष्ट्रेशन पास गरी दिए पछि बसपार्क सोही स्थानमा निर्माणको लागि सिफारिश गर्ने । र सो जग्गा उपलब्ध गराउने कार्यको लागि नगरपालिकाका कार्यकारी अधिकृतको संयोजकत्वमा ७ सदस्यीय बसपार्क निर्माण जग्गा उपलब्ध गराउने समिति र ७ सदस्यीय सल्लाहाकार समिति गठन गरिएको ।

उपरोक्त निर्णय अनुसार नगर क्षेत्र भित्र रहेका सवै घरधनीहरुले आफना घरको नक्सा पास गराउन बाँकी भए यस कार्यालयको सार्वजनिक निर्माण तथा भवन नक्सा ईकाईमा सम्पर्क राखी आवश्यक प्रक्रिया पुरा गरी घरको नक्सा पास तथा अभिलेखिकरण कार्य गर्नु गराउनु हुनका साथै निर्णय नं. २ अनुसारको क्षेत्रमा व्यवस्थित बसपार्क निर्माणको लागि नगरपालिकाको नाममा स्वेच्छाले जग्गा दिन मन्जुर भएमा निर्णय भएको मितिले बढिमा १० दिन भित्र नगरपालिका वा बसपार्क निर्माण जग्गा उपलब्ध गराउने सम्वन्धि गठित समिति र ७ सदस्यीय सल्लाहाकार समितिका सदस्य संग सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।